आज मिति २०८०।०९।०८ गते आइतबारका दिन यस गमग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरूको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति :

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |

| | | |
|---|---|---|
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि सि | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री मोहन अर्याल | | प्रमुख प्रशासकीय अधिकृत सचिव |

बैठक संचालन सहयोगी कर्मचारीहरु :

## मिति २०८०/०९/०८ गतेको नगरकार्यपालिका बैठकमा पेश गरिएका प्रस्तावहरु:

प्रस्ताव नं.१ : अघिल्लो बैठकको निर्णयको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: भलुही र तुरिया खोलाको प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३ : मूल्यांकन समितिको भत्ताको विषयमा गठित समितिको प्रतिवदेन सम्बन्धमा ।
प्रस्ताव नं.४ : संघीय एवं प्रादेशिक योजना माग सम्बन्धमा ।
प्रस्ताव नं.५ : आ.व. २०७९/०८० को म.ले.प. प्रतिवेदन कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.६ : अ.दु.अ.आ.को २२ बुँदे, ६१ बुँदे र ४८ बुँदे सुझाव कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.७ : परासी जीम हाउसलाई आर्थिक सहयोग सम्बन्धमा ।

## मिति २०८०/०९/०८ गतेको नगरकार्यपालिका बैठकको निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिका बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

निर्णय नं. २: प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र रहेका तुरिया र भलुही खोलामा रहेका नदिजन्य पदार्थको निकासीको सम्बन्धमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन माथि छलफल गरी स्वीकृत गरियो ।

| क्र.स. | उत्खनन / संकलन स्थल (आई.ई.ई. बमोजिम) | उत्खनन गर्न सकिने परिमाण (घन फुट) | राजश्व (प्रति वर्ष) प्रति घन फुट | अनुमानित राजश्व प्रति वर्ष |
|---|---|---|---|---|
| १ | तुरिया खोला | ३५४३५७।०० | ४।०० | १४१७४२८।०० |
| २ | भलुही खोला | ८५९३२२।०० | ४।०० | ३४३७३८८।०० |
| | जम्मा | १२१३६७९।०० | | ४८५४८१६।०० |

निर्णय नं.३: प्रस्ताव नं ३ माथि छलफल गर्दा मूल्यांकन समितिका सदस्यको नाममा भुक्तानी भएको रकम म.ले.पको प्रारम्भिक प्रतिवेदनको दफा ५० मा बैठक भत्ताको औचित्य एकिन गर्नु पर्ने भनी प्रमाण पेश नगरेको भनी बेरुजु कायम भएकोमा सो सम्बन्धमा औचित्य एकिन गर्नका लागि कार्यपालिकाबाट गठित समितिको प्रतिवेदनमा उल्लेख भए बमोजिम संघीय र प्रादेशिक कानूनमा उल्लेख भए बमोजिम प्रतिदिन एउटा बैठक भत्ता भन्दा बढी भुक्तानी भएको भए उक्त बढी भुक्तानी भएको रकम सम्बन्धित कर्मचारीबाट असुल गरी कार्यालयको राजस्व खातामा जम्मा गर्ने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका आयोजना/कार्यक्रमहरु संघ र प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

**क. संघ सरकार समक्ष पेश गरिने विशेष कार्यक्रम:**

- शिक्षामा पहुँच, समावेशीकरण र गुणस्तर सुधार परियोजना
- गर्भवती तथा सुत्केरी महिलाहरुको लागि तयारी पौष्टिक आहार वितरण
- शुक्रौली जनता मा.बि. नमुना भवन निर्माण रामग्राम-१५
- खानेपानी ट्यांकी निर्माण ऐचावल पत्थरदेवा रामग्राम-१४

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

घनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

- रानीपाकडमा विद्यालय भवन निर्माण रामग्राम-११
- रामग्राम स्तुप देखि बैकुण्ठपुर सम्म पर्यटकिय सडक निर्माण रामग्राम-७
- वनदेवीमा तटबन्ध निर्माण रामग्राम-११
- झरही नदि नियन्त्रण एबम कोरिडोर निर्माण

ख. संघ सरकार समक्ष पेश गरिने समपुरक कार्यक्रम

- सुनवल रोड देखि सन्डा हुदै झरही पुल सम्म सडक स्तरोन्नति
- महेशपुर देखि जोकवार सम्म सडक स्तरोन्नति
- लक्ष्मीपुर देखि जमुनिया सडक निर्माण रामग्राम-१०
- ननइ ऐचावल सडक निर्माण रामग्राम-१४ र १५
- इमली टोल देखि केरवानी हुँदै बैरिहवा सडक नाला निर्माण रामग्राम-४
- वडा कार्यालय भवन निर्माण , रामग्राम-१५
- वडा कार्यालय भवन निर्माण , रामग्राम-१६

ग. लुम्बिनी प्रदेश सरकार समक्ष पेश गरिने विशेष कार्यक्रम

- हडैहा पोखरी पार्क निर्माण तथा ब्यवस्थापन रामग्राम-१४
- कालिका टोल सडक पुर्वाधार निर्माण रामग्राम-२
- वनदेवी मन्दिरमा पार्क निर्माण रामग्राम-११ जमुवाड
- रामजानकी मन्दिर जाने बाटो सडक पुर्वाधार निर्माण रामग्राम-१५
- सिया फर्निचर देखि ननई जोड्ने सडक निर्माण रामग्राम-१५
- जमुवाड गाउँमा नाला निर्माण रामग्राम-११
- हडैहा पोखरी पार्क निर्माण तथा ब्यवस्थापन रामग्राम-१४
- चम्किपुर पाइप लाइन समेत ओभरहेड टंकी निर्माण, रामग्राम-०८
- जोकवार खानेपानी ओभर हेड टंकी निर्माण तथा पाइपलाइन बिस्तार , रामग्राम-१४

घ. लुम्बिनी प्रदेश सरकार समक्ष पेश गरिने समपुरक कार्यक्रम

- जितपुर देखि क्याम्पस सडक तथा नाला निर्माण रामग्राम-४
- जमुवाड देखि पाडाटिकर सडक स्तरोन्नति
- पाल्ही क्याम्पसको स्टेडियम पूर्वाधार निर्माण , रामग्राम-०४
- महुवारी अधुरो कालोपत्रे सडक निर्माण रामग्राम-१७

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

- पचगाँवा देखि कुनवार सडक निर्माण रामग्राम-१२
- ऐचावल देखि भुसुनापुर सम्म सडक निर्माण रामग्राम-१४
- डिघवल देखि शुक्रौली सम्म सडक निर्माण रामग्राम-१५
- कुनरु प्लाट जाने बाटो निर्माण रामग्राम-१४ र १८
- चन्द्रागढी देखि बैरिहवा सडक निर्माण रामग्राम-४

ङ. तराइ मधेश समृद्धि कार्यक्रम

- हकुई साप्ताहिक हाटबजार ब्यवस्थापन रामग्राम-१६
- धरमपुरको धरम पोखरी तथा पार्क निर्माण तथा ब्यवस्थापन-१८
- विपन्न परिवारको लागि आवास भवन निर्माण रामग्राम-१२

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७९।०८० को म.ले.प प्रतिवदेनले औंल्याएका विषयहरुमा तदारुक्ताका साथ बेरुजुहरु फछ्यौट गर्ने र प्राप्त सुझावहरु अक्षरस: कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा अ.दु.अ.आ.को २२ बुँदे, ६१ बुँदे र ४८ बुँदे सुझावहरु मध्ये स्थानीय तहसँग सम्बन्धित सुझावहरु कार्यान्वयन गर्ने र सो को जानकारी अ.दु.अ.आ.मा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा परासी जिम हाउसलाई आर्थिक सहयोग अन्य सहायता शिर्षकबाट भुक्तानी हुने गरी रकम रु.४५,०००।०० प्रदान गर्नुका दिनुका साथै पदक प्राप्त खेलाडीहरुलाई नगरपालिकाद्धारा सम्मान गर्ने निर्णय गरियो ।

**विविध :**

१) मिति २०७९/११/२७ गतेको कार्यपालिका बैठकबाट वडा कार्यालय संचालन खर्चमा थप रु. ५,०००।०० मासिक दिने निर्णय तत्काल कार्यान्वयन गर्न कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) नगरपालिकाले योजना व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोजना बैंक (Project Bank) निर्माण गर्ने कार्य तत्काल अगाडी बढाउने ।

धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

रामग्राम नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल